# नेपाल राष्ट्र बैंक

**बैंक तथा वित्तीय संस्था नियमन विभाग**

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/०८/०८१/८२ मिति : २०८२/०३/२६

**इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा मिति २०८२/०४/०१ बाट लागु हुने गरी संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

**भवदीय,**

**(गुरु प्रसाद पौडेल)**
**कार्यकारी निर्देशक**

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार, काठमाडौं ।
३. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
६. श्री नेपाल लघुवित्त बैंकर्स संघ ।

**यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संशोधन/परिमार्जन/थप**

<table>
<tr><th>क्र.सं</th><th>निर्देशन/बुँदा नं</th><th>विद्यमान व्यवस्था</th><th>संशोधित व्यवस्था</th></tr>
<tr>
<td>१.</td>
<td>निर्देशन नं. १४/०८१ को बुँदा नं. २ मा थप।</td>
<td>२. इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुले ग्राहकलाई प्रदान गर्ने कर्जाको ब्याजदर निम्नानुसार हुने गरी तय गर्नु पर्नेछ :-<br><br>क) लघुवित्त वित्तीय संस्थाहरुले आफ्ना ग्राहकसँग लिने ब्याजदर अधिकतम् १५ प्रतिशतसम्म निर्धारण गर्न सक्ने छन् । ब्याजदर यो व्यवस्था निर्देशन जारी भएको मिति २०७७/०४/१३ मा बक्यौता रहेको तथा तत्पश्चात प्रवाह भएका/हुनेकर्जा कर्जामा लागु हुनेछ।<br><br>ख) लघुवित्त वित्तीय संस्थाले मासिक रुपले अनुसूची-१४.१ बमोजिम आधार दर तयार गरी महिना समाप्त भएको १५ दिनभित्र यस बैंकमा पेश गर्नुपर्ने छ । साथै, २०७९ माघदेखि आधार दर मासिक रुपमा आफ्नो वेबसाइटमा प्रकाशन गर्नुपर्नेछ।</td>
<td>२. कर्जाको ब्याजदर सम्बन्धी व्यवस्था<br><br>१. इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुले मिति २०८२/०४/०१ भन्दा अगाडि प्रवाह गरेको तथा हाल बक्यौता रहेको कर्जाको हकमा आफ्ना ग्राहकसँग लिने ब्याजदर अधिकतम् १५ प्रतिशतसम्म निर्धारण गर्न सक्ने छन्।<br><br>२. लघुवित्त वित्तीय संस्थाहरुले मिति २०८२/०४/०१ देखि प्रवाह हुने कर्जामा निम्नानुसार हुने गरी ब्याजदर तय गर्नु पर्नेछ :-<br><br>(क) लघुवित्त वित्तीय संस्थाहरुले आफ्ना ग्राहकसँग कर्जामा लिने ब्याजदर अनुसूची-१४.१ बमोजिम गणना गरिएको “आधार दर” (Base Rate) सँग आबद्ध गरी तय गर्नु पर्नेछ।<br><br>(ख) लघुवित्त वित्तीय संस्थाहरुले आफ्ना ग्राहकसँग कर्जामा लिने ब्याजदर आफ्नो आधार दरमा बढीमा ३ प्रतिशत बिन्दुसम्म प्रिमियम थप गरी त्रयमासिक रुपमा निर्धारण गर्नु पर्नेछ। यसरी ब्याजदर निर्धारण गर्दा लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो पछिल्लो तीन महिनाको प्रकाशित औसत आधार दरमा प्रिमियम थप गरी निर्धारण गर्नु पर्नेछ।<br><br><u>उदाहरण</u><br>
<table>
<tr><th>कर्जाको ब्याजदर लागुहुने त्रयमास</th><th>औसत आधार दर गणना गर्दा लिनुपर्ने पछिल्लो तीन महिना</th></tr>
<tr><td>साउन - असोज</td><td>चैत, बैशाख, जेठ</td></tr>
<tr><td>कात्तिक - पुस</td><td>असार, साउन, भदौ</td></tr>
<tr><td>माघ - चैत</td><td>असोज, कात्तिक, मङ्सिर</td></tr>
<tr><td>बैशाख - असार</td><td>पुस, माघ, फागुन</td></tr>
</table>
<br>(ग) खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भएतापनि लघुवित्त वित्तीय संस्थाले आफ्ना ग्राहकसँग कर्जामा लिने ब्याजदर निर्धारण गर्दा</td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | | यस बैंकबाट प्रकाशित " देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति" मा उल्लेख भएबमोजिम वाणिज्य बैंकहरुको पछिल्लो मासिक औसत आधार दरमा ९ प्रतिशत बिन्दु थप गर्दा हुन आउने दरभन्दा बढी हुने गरी कर्जाको ब्याजदर निर्धारण गर्न पाइने छैन ।<br><br>यसप्रकार लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो आधार दरमा बढीमा ३ प्रतिशत बिन्दुसम्म प्रिमियम थप गर्दा हुनआउने ब्याजदर र यस बैंकबाट प्रकाशित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिमा उल्लेख भएबमोजिम वाणिज्य बैंकहरुको पछिल्लो मासिक औसत आधार दरमा ९ प्रतिशत बिन्दु थप गर्दा हुन आउने ब्याजदरमध्ये जुन कम हुन्छ सो दरको सीमा भित्र रही आफ्ना ग्राहकसँग कर्जामा लिने ब्याजदर निर्धारण गर्नु पर्नेछ ।<br><br><u>उदाहरण</u><br><br>वाणिज्य बैंकहरुको पछिल्लो प्रकाशित महिनाको औसत आधार दर अर्थात् २०८२ जेठ महिनाको औसत आधार दर ६.०९ प्रतिशत रहेकोमा लघुवित्त वित्तीय संस्थाले ६.०९ प्रतिशतमा ९ प्रतिशत बिन्दु थप गर्दा हुन आउने दर १५.०९ प्रतिशत भन्दा बढी हुने गरी कर्जाको ब्याजदर निर्धारण गर्न पाउने छैन ।<br><br>तर, यदि लघुवित्त वित्तीय संस्थाले बुँदा नं. (ख) बमोजिम आफ्नो आधार दरमा बढीमा ३ प्रतिशत बिन्दु प्रिमियम थप गर्दा कर्जामा लिने ब्याजदर १६ प्रतिशत कायम हुन्छ र नेपाल राष्ट्र बैंकबाट प्रकाशित वाणिज्य बैंकहरुको पछिल्लो मासिक औसत आधारदरमा ९ प्रतिशत बिन्दु थप गर्दा हुन आउने दर १५.०९ प्रतिशत हुन्छ भने यस अवस्थामा लघुवित्त वित्तीय संस्थाले १५.०९ प्रतिशत भन्दा बढी हुने गरी कर्जाको ब्याजदर निर्धारण गर्न पाउने छैन । |

| | | | |
|---|---|---|---|
| | | | (घ) लघुवित्त वित्तीय संस्थाले मासिक रुपले अनुसूची-१४.१ बमोजिम आधार दर तयार गरी महिना समाप्त भएको १५ दिनभित्र यस बैंकमा पेश गर्नुपर्ने छ। साथै, आधार दर मासिक रुपमा आफ्नो वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ।<br>(ङ) आगामी त्रयमासको लागि कर्जा तथा सापटमा लागु हुने ब्याजदर सम्बन्धी सूचना त्रयमास शुरु हुनु पूर्व आफ्नो वेबसाइट तथा शाखा कार्यलयहरुमा प्रकाशित गरिसक्नुपर्नेछ। ब्याजदर प्रकाशन गर्दा कर्जा शीर्षक अनुसार आधार दरमा थप गरिने प्रिमियम दर स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ। साथै, आगामी त्रयमासको लागि कर्जा तथा सापटमा लागु हुने ब्याजदर आफ्ना ग्राहकलाई सहजै जानकारी प्राप्त हुने गरी समूह बैठक, **Loan Card/Pass Book** र **SMS** मार्फत् उपलब्ध गराउने व्यवस्था गर्नु पर्नेछ।<br>(च) कर्जा प्रवाह गर्दा ऋणीसँग गरिने सम्झौतामा वार्षिक पेनाल/हर्जाना ब्याजदर २ प्रतिशत भन्दा बढी नहुने गरी उल्लेख गर्नु पर्नेछ । पेनाल/हर्जाना ब्याज गणना गर्दा म्याद नाघेको किस्ताको साँवा रकममा वार्षिक पेनाल ब्याजदरले विलम्ब भएको समयावधिका लागि कायम हुन आउने रकमभन्दा बढी लिन र पेनाल ब्याजमा ब्याज लाग्ने गरी रकम असुल उपर गर्न पाइने छैन ।<br>(छ) ऋणीलाई दिइने कर्जा प्रस्ताव पत्र (**Offer Letter**) मा आधार दरमा थप गर्ने प्रिमियम दर स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ।<br>(ज) कर्जाको ब्याजदर परिवर्तन गर्दा पछिल्लो तीन महिनाको औसत आधार दरमा भएको थपघटको सीमासम्म त्रयमासिक रुपमा परिवर्तन गर्नु पर्नेछ। तर, पछिल्लो तीन महिनाको औसत आधार दरमा भएको परिवर्तन भन्दा बढीले ब्याजदर घटाउन, जुनसुकै अवस्थामा ब्याजदर वृद्धि नगर्न तथा ऋणीसँगको सहमतिमा स्थिर ब्याजदर कायम गर्न बाधा पर्ने छैन । यसरी ब्याजदर घटाउदा |

| | | | |
|---|---|---|---|
| | | | वा वृद्धि नगर्दा सबै ग्राहकले समानरुपमा सुविधा पाउने गरी व्यवस्था मिलाउनु पर्नेछ ।<br><br>झ) लघुवित्त वित्तीय संस्थाले प्रवाह गर्ने कर्जाको परिवर्तनीय ब्याजदर (**Adjustable Interest Rate**) को साथै स्थिर ब्याजदर (**Fixed Interest Rate**) समेत प्रकाशन गर्नु पर्नेछ। ग्राहकले कर्जा लिँदा परिवर्तनीय ब्याजदर (**Adjustable Interest Rate**) एवम् स्थिर ब्याजदर (**Fixed Interest Rate**) मध्ये कुनै एक किसिमको ब्याजदर कायम हुने गरी कर्जा लिन सक्ने व्यवस्था मिलाउनु पर्नेछ ।<br><br>(ञ) परिवर्तनीय ब्याजदर (**Adjustable Interest Rate**) मा प्रवाह भएको कर्जाको हकमा कर्जाको प्रस्ताव पत्र (**Offer Letter**) मा उल्लेख गरिएको प्रिमियम दर कर्जा अवधिभर परिवर्तन गर्न पाईने छैन । स्थिर ब्याजदर (**Fixed Interest Rate**) मा प्रवाह भएको कर्जाको हकमा कर्जाको प्रस्ताव पत्र (**Offer Letter**) मा उल्लेख गरिएको ब्याजदर कर्जा अवधिभर परिवर्तन गर्न पाईने छैन । साथै, लघुवित्त वित्तीय संस्थाले परिवर्तनीय ब्याजदर (**Adjustable Interest Rate**) तथा स्थिर ब्याजदर (**Fixed Interest Rate**) को विवरण संलग्न निर्देशन फा.नं.घ २.२ बमोजिम यस बैंकमा पेश गर्नु पर्नेछ । |

# यस बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा संशोधन/परिमार्जन/थप

| २. | **निर्देशन फा.नं.घ २.२ मा थप गर्ने ।** |
|---|---|

**विद्यमान व्यवस्था**

निर्देशन फा.नं. घ २.२

ग्राहकपिच्छे वर्गीकरण गरिएको कर्जाहरु तथा सोको नोक्सानी व्यवस्था सम्बन्धी विवरण

...............साल .................मसान्त

| शाखा | समूहको नाम | ऋणी को नाम र नागरिता नं. | प्रदेश जिल्ला वडा नं. | लगानी/कारोबार मिति | कर्जा प्रकार | स्वीकृत सीमा (रु) | बाँकी साँवा (रु) | बाँकी ब्याज(रु) | भाखा नाघेको साँवा (रु) | भुक्तानी मिति | कर्जा व्यवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | वर्गीकरण | व्यवस्था (रु) | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| कुल जम्मा :- | | | | | | | | | | | | | |

मिति

अधिकृतको नाम दस्तखत

**संशोधित व्यवस्था**

निर्देशन फा.नं. घ २.२

ग्राहकपिच्छे वर्गीकरण गरिएको कर्जाहरु तथा सोको नोक्सानी व्यवस्था सम्बन्धी विवरण

...............साल .................मसान्त

| शाखा | समूहको नाम | ऋणी को नाम र नागरिता नं. | प्रदेश जिल्ला वडा नं. | लगानी/कारोबार मिति | कर्जा प्रकार | स्वीकृत सीमा (रु) | बाँकी साँवा (रु) | बाँकी ब्याज(रु) | भाखा नाघेको साँवा (रु) | भुक्तानी मिति | कर्जा व्यवस्था | | **कर्जाको ब्याजदर** | **ब्याजदरको प्रकार (परिवर्तनीय/स्थिर)** | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | वर्गीकरण | व्यवस्था (रु) | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| कुल जम्मा :- | | | | | | | | | | | | | | | |

मिति

अधिकृतको नाम दस्तखत